नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
## अर्घाखाँची

पत्र संख्याः
चलानी नं.

## जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को रोकथाम तथा नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार जिल्ला सुरक्षा समितिको निर्णय बमोजिम निम्न सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सम्पूर्णमा सूचित गरिन्छ ।

१. मिति २०७७।०२।०६ गते मध्यरातदेखि अर्को सूचना जारी नहुँदा सम्म जिल्लाको सीमा नाकाबाट हुने आवतजावत पूर्ण रुपमा निषेध (सिल) गर्ने तर, खाद्यान्न, इन्धन लगायत अत्यावश्यक वस्तु बोकेका सवारी साधन, एम्बुलेन्स, काजक्रिया गर्न जानुपर्ने व्यक्ति, सुरक्षाकर्मी र अत्यावश्यक कामका लागि जिल्ला प्रशासन कार्यालयबाट जारी गरेका पास बोकेका सवारी साधनहरु आवतजावत गर्न पाउनेछन ।

२. अति जरुरी परेको अवस्थामा जिल्लाभित्र आवतजावत गर्न जिल्ला प्रशासन कार्यालयबाट पास लिएर मात्र आवागमन गर्ने, आकस्मिक परेको अवस्थामा जिल्ला प्रहरी कार्यालयको नं. १०० वा ९८५७०९०३५२ वा जिल्ला प्रशासन कार्यालयको मोबाइल नं. ९८५७०६४४५० वा नजिकको प्रहरी चौकीमा जानकारी गराएर मात्र आवतजावत गर्ने ।

३. निषेधादेशको प्रभावकारी कार्यान्वयन गर्न एवं नागरिकको दैनिक जनजीवन सहज गराउन खाद्यान्न तथा किराना पसल, तरकारी पसल, माछामासु पसल दैनिक विहान ७ बजेदेखि १० बजेसम्म मात्र र दुध बिक्री वितरण गर्ने पसलहरु विहान ६ बजेदेखि ९ बजेसम्म र साँझ ५ बजेदेखि ७ बजेसम्म मात्र खोल्ने ।

४. बैंक तथा वित्तीय संस्थाहरु, बिमा कम्पनी र वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरु अति जरुरी परेको अवस्थामा जिल्ला प्रशासन कार्यालयसंगको समन्वयमा खोल्ने गरी अर्को सूचना जारी नहुँदा सम्म बन्द रहने ।

५. गुल्मी जिल्ला मदाने गाउँपालिकाका कोरोना संक्रमित भनिएका व्यक्तिको सन्धिखर्क स्थित छायाँ पोलिक्लिनिकमा चेकजाँच भएको भन्ने बुझिएकोले संभावित जोखिमलाई मध्यनजर गरी सिल गरिएको पोलिक्लिनिकलाई अर्को आदेश नहुँदा सम्मको लागि निरन्तरता दिने ।

मितिः- २०७७।०२।०६

विक्रम थापा
स.प्र.जि.अ.